# विश्व बैंक जवाफदेही संयन्त्र प्रक्रिया

## *जहाँ तपाईंका सरोकारहरू सुनिन्छ*



AM जवाफदेही संयन्त्र | विश्व बैंक IBRD • IDA | विश्व बैंक समूह

के हो

## विश्व बैंक जवाफदेही संयन्त्र भनेको के हो?

विश्व बैंक जवाफदेही संयन्त्र (AM), विश्व बैंकले लगानी गरेको परियोजनाबाट आफूहरू गम्भीर रूपमा प्रभाव परेका वा पर्न लागेका छौं भनेर विश्वास गर्ने व्यक्ति र समुदायहरूले स्वतन्त्र रूपमा आफ्ना सरोकार-उजुरीहरू राख्ने संयन्त्र हो । यसको लक्ष्य परियोजनाबाट प्रभावित भएका व्यक्तिहरूलाई आफ्ना सरोकारहरू व्यक्त र स्रोतहरूको खोजी गर्न सक्ने स्वतन्त्र निकायसम्म पहुँच दिएको निश्चित गरेर विश्व बैंकमा जवादेहितालाई प्रवर्द्धन गर्नु हो ।

सन् २०२० मा एएम (AM) ले कार्यकारिणी निर्देशकहरूको समिति स्थापना गरेको थियो र यसलाई सन् २०२१ मा संचालनमा ल्याइएको थियो। अन्तर्राष्ट्रिय आर्थिक संस्थामा पहिलो स्वतन्त्र जवाफदेही संयन्त्रको रूपमा यसले सन् १९९३ मा गठन गरिएको निरिक्षण समिति (the Panel) लाई समेट्छ, र यसले स्वतन्त्र अनुपालन समिक्षाहरू र विवाद समाधान सेवा (DRS) उपलब्ध गराउँछ। DRS जवाफदेही संयन्त्रसँगै स्थापना भएको थियो र यसले सरोकार-उजुरीहरू दर्ता गर्ने निवेदकहरू तथा सरकारी ऋणीहरूका निम्ति स्वयंसेवी र स्वतन्त्र विवाद समाधान विकल्पको रूपमा सहजीकरण गर्ने उद्देश्य राख्छ।

जवाफदेही संयन्त्र सचिव र निरिक्षण समितिका सदस्यहरू बैंक व्यवस्थापनको अधीनमा छैनन् र उनीहरूले सीधै समितिलाई प्रतिवेदन दिन्छन्।



कसरी

## AM प्रक्रियाले कसरी काम गर्दछ?

"निवेदकहरू" का रूपमा उल्लेख गरिएका दुई वा सोभन्दा बढी परियोजनाबाट प्रभावित व्यक्तिहरूले समिति समक्ष सरोकार-उजुरी बुझाउन सक्छन्। समितिलाई औपचारिक रूपमा निरीक्षण सम्बन्धी आग्रह (Request for Inspection) भनिन्छ। समितिले यो प्रक्रियाद्वारा बैंकले मानिस र वातावरणलाई सुरक्षा गर्न बनाएको आफ्नो आन्तरिक नियमहरू र प्रक्रिया पूरा गरेको छ वा छैन भन्ने मूल्याङ्कन गर्दछ। यसले यि नियम र प्रक्रियामध्ये केहीको अनुपालन नहुँदा सरोकार-उजुरीहरूमा वर्णन गरिए अनुसार हानि भएको छ-छैन वा हानी हुन सक्दछ भन्ने मूल्याङ्कन पनि गर्छ। सरोकार-उजुरीहरू अनुसन्धानको निम्ति स्वीकार योग्य छ-छैन निर्धारण समितिले कसरी गर्छ भन्ने कुरालाई समावेश गर्दै समिति संचालन प्रक्रियाहरूले प्रक्रियागत फरक-फरक चरणहरूको जानकारी दिन्छ।

सरोकार-उजुरी सम्बोधन सम्मत छ भन्ने निर्धारण गरिएको छ भने निवेदकहरू र ऋणीहरूलाई विवाद समाधानमा प्रवेश गर्ने विकल्प दिइनेछ । दुवै पक्ष सहमत भएमा जवाफदेही संयन्त्र सचिवले तटस्थ, सहकार्य उपलब्ध गराउने DRS लाई उक्त सरोकार-उजुरी हेर्न सिफारिस गर्दछ, जसबाट पक्षहरूले अनुसन्धानको निम्ति गरिएको आग्रहमा उब्जिएका विषयहरूमा दुवै पक्ष सन्तुष्टी हुने समाधानहरू पाउन सक्छन् । त्यसरी प्राप्त गरिएको विकल्पलाई दुवै पक्षले छनौट गरेमा विवाद समाधान सेवाको अन्तरिम संचालन कार्य संयन्त्रले प्रक्रियालाई अगाडी बढाउँछ।

यदि दुवै पक्षहरू विवाद समाधानको लागि सहमती जनाएमा, समितिको आन्तरिक नियम परिपालनाको विषयलाई स्थगित गरिन्छ। पक्षहरू विवाद समाधानका लागि सहमत छन् भनेर AM सचिवले विश्व बैंक समिति, निरिक्षण समिति र बैंक व्यवस्थापनलाई सूचित गरेको समयदेखि विवाद समाधान प्रक्रियाको अधिकतम् समय एक वर्षको हुन्छ। दुवै पक्ष सहमत हुन्छन् भने प्रक्रिया अतिरिक्त ६ महिनासम्म बढ्न सक्छ।

पक्षहरू सहमतिमा पुग्छन् भने त्यस्ता सहमति विवाद समाधान सम्झौतालाई लिपीबद्द गरिन्छ र केसलाई बन्द गरिन्छ। तर, पक्षहरू विवाद समाधानमा सहमत हुँदैनन् वा बिना कुनै सम्झौता विवाद समाधानको अन्त्य भएमा समितिले अनुपालन अनुसन्धान सुरु गर्नेछ र त्यसबाट प्राप्त जानकारीहरूलाई समिति (बोर्ड) समक्ष प्रस्तुत गर्नेछ।

प्रक्रियाको सारांशलाई नक्शाको रूपमा पछाडिको कभरमा देखाइएको छ।



कसले

## सरोकार-उजुरीहरू कसले बुझाउन सक्छ?

बैंकले सहायता गरेको परियोजना रहेको देशमा भएका दुई वा सोभन्दा परियोजनाबाट प्रभावित व्यक्तिहरूले अनुसन्धानको अनुरोध गरेको निवेदन बुझाउन सक्छन् । यो निवेदकद्वारा वा प्रतिनिधिद्वारा सीधै पठाउन सकिन्छ। आग्रह गरिएमा प्यानल र DRS ले निवेदकहरू र तिनीहरूका प्रतिनिधिको पहिचान गोप्य राख्नेछ।

के हो

## निवेदकहरूले केको बारेमा सरोकार-उजुरीहरू गर्न सक्छन्?

अनुसन्धानको निम्ति गरिएको निवेदनको प्रतिक्रिया स्वरूप मानिस वा वातावरणमा हुने विभिन्न प्रकारका धेरै हानि वा सम्भावित हानिलाई सम्बोधन गरिएको छ। केही मुद्दाहरूमा भौतिक पूर्वाधार परियोजनाहरूबाट मानिसहरूको जीविकोपार्जन भएका हानि वा वातावरणीय ह्रासलाई  संलग्न गराएका छन्। गत केही वर्ष यता, निरिक्षण समितिले परियोजनाले गर्दा गर्नुपरेको बाध्यकारी बसाइँ सराई (जस्तैः जलाशय, सडक, पाइपलाइन, ल्याण्डफिल्ड वा पावर प्लान्टको कारण), परियोजनाहरूले आदिवासी जनजातीहरूको अधिकार र सरोकारहरू प्रभाव पारेको (जस्तैः पुर्खौंदेखिको भोगचलन गरिआएको भूमिअधिकार, सांस्कृतिक महत्वका स्थानहरू वा जीविकोपार्जनहरू) र परियोजनाहरूले वातावरण, सांस्कृतिक सम्पदाहरू र प्राकृतिक वासस्थानमा प्रभाव पारेको (जस्तैः हावा र पानी प्रदुषणबाट, पानीको स्रोतहरूमा चाप, सिमसार क्षेत्रमा प्रतिकूल प्रभाव, वनविनाश वा जैविक विविधतामा क्षति) विषयमा पनि विचार गरेको छ।

केसहरूले प्रभावित भएका समुदायहरूलाई उनीहरूको सूचनामा पहुँच सहित परियोजनाको योजना र कार्यान्वयनमा अर्थपूर्ण परामर्श र सहभागी बनाउँदै समुदायको अधिकार र लैंगिक हिँसालाई सम्बोधन पनि गरेको छ । अक्टोवर २०१८ भन्दा अघि स्वीकृत भएका परियोजनाहरूका निम्ति विश्व बैंकको संचालन नियम र प्रक्रियागत ढाँचा, र सो मितिभन्दा पछि स्वीकृत भएका परियोजनाहरूका निम्ति बैंकको वातावरण र सामाजिक ढाँचा यी सबै प्रकारका हानि वा सम्भावित हानिलाई पुनरावलोकन गरिएका छन् ।

नयाँ प्रमाण वा नयाँ परिस्थितिहरू प्रस्तुत नहुँदासम्म वस्तु वा सेवाहरूको खरिद, भ्रष्टाचार वा अघिल्लो केसहरूमा सम्बोधन गरिएका विषयहरूमा निरिक्षण समितिको कार्यनिर्देश क्रियाशिल हुँदैन । विश्व बैंकले सहायता गरेका परियोजनामा भएका शंकास्पद जालसाजी वा भ्रष्टाचार र खरिद सम्बन्धी विषयहरू, वा बैंकका कर्मचारीहरूले जालसाजी र भ्रष्टाचारका आरोप सम्बन्धमा गरेका दुर्व्यवहारलाई बैंकको इमान्दारिता सम्बन्धी उपाध्यक्ष (integrity vice presidency) लाई सुचित गर्नुपर्दछः www.worldbank.org/integrity.

यो आदेशले इन्टरनेसनल बैंक फर रिकन्स्ट्रक्सन एण्ड डेभेलपमेन्ट (International Bank for Reconstruction and Development) र विश्व बैंक समूहको इन्टरनेसनल डेभेलपमेन्ट एसोसिएसनद्वारा (International Development Association) आर्थिक सहायता गरिएका परियोजनाहरूका साथै विश्व बैंकले व्यवस्थापन गर्ने ट्रस्ट फण्डहरूलाई समेट्छ। द इन्टरनेसनल फाइनान्स कर्पोरेशन (The International Finance Corporation) र मल्टिनेसनल इन्भेष्टमेन्ट ग्यारेन्टी एजेन्सी (Multilateral Investment Guarantee Agency) द्वारा सहायता गरिएका परियोजनाहरूका बारेमा भएका सरोकार-उजुरीहरूलाई कम्प्लायन्स एडभाइजर ओमबुड्सम्यान (Compliance Advisor Ombudsman) को कार्यालय वा CAO ले हेर्दछ। CAO को बारेमा थप जानकारी www.cao-ombudsman.org मा पाइन्छ।

कसरी

## सरोकार-उजुरी कसरी बुझाउने?

सरोकार-उजुरी (अनुसन्धान सम्बन्धी निवेदन) पत्र वा इमेलबाट बुझाउनुपर्ने हुन सक्छ । कृपया हेक्का राख्नुहोस् कि यो कुनै पनि नागरिकले कुनै विशेषज्ञ वा वकिलहरूको सहायताबिना लेख्न सक्छन्। यसमा दस्तखत गरिएको हुनुपर्छ र तल सूचीकृत गरिएको जानकारी समावेश भएको हुनुपर्छ।

- तपाईंको नाम (यहाँ दुई वा सोभन्दा बढी निवेदक हुनुपर्छ) र तपाईं बस्ने ठेगाना। तपाईंले आफ्नो प्रतिनिधित्व गर्न कुनै व्यक्ति वा संस्थालाई राख्नुभएको छ भने तिनलाई तपाईंको हस्ताक्षर सहितको प्रतिनिधि नियुक्ति गरेको अनुमतिपत्र समावेश गरेको हुनुपर्छ ।
- तपाईंको सरोकार रहेको विश्व बैंकले सहायता गरेको परियोजनाको शिर्षक (तपाईंलाई थाहा छ भने) ।
- तपाईं वा तपाईं बसोबास गर्ने वातावरणलाई भएको हानि वा तपाईंले विश्वसताकासाथ भन्न सक्ने परियोजनाको परिणाम स्वरूप हुन सक्ने हानि वा भोगाईको वर्णन।
- तपाईंले किन बैंकले आफ्नो नियम र कार्यसंयन्त्रहरू पछ्याउन असफल भएको छ भन्ने विश्वास गर्नुहुन्छ र त्यसले कसरी हानि गरेको छ भन्ने विवरण (तर अनुसन्धान सम्बन्धी निवेदनले बैंकको विचारनिय कुनै निश्चित नियमलाई पहिचान गर्न आवश्यक छैन भन्ने हेक्का राख्नुहोस्)
- तपाईंका सरोकार-उजुरीका बारेमा तपाईंले बैंकलाई कहिले र कसरी जानकारी गराउनुभयो र बैंकको प्रतिक्रियासँग तपाईं किन सन्तुष्ट हुनुभएन भन्ने बारेमा जानकारी ।
- तपाईंलाई इच्छा भएमा, तपाईंका सरोकार-उजुरीहरूलाई सम्बोधन गर्ने कार्यहरूको जानकारी दिन सक्नुहुन्छ।

जवाफदेही संयन्त्र प्रक्रियाको आधिकारिक भाषा अंग्रेजी हो तर तपाईंले आफ्नै भाषामा सरोकार-उजुरी बुझाउन सक्नुहुन्छ। तपाईंले आफ्नो सरोकार-उजुरीलाई भौतिक रूपमा हाम्रो ठेगानामा (पछाडि भएको सम्पर्क विवरणमा हेर्नुहोस्) पठाउन सक्नुहुन्छ, र विधुतिय रूपमा accountability@worldbank.org वा ipanel@worldbank.org वा जवाफदेही संयन्त्रको वेबसाइट बाट पनि पठाउन सक्नुहुन्छ।

AM, समिति र DRS को बारेमा अन्य जानकारी सहित सरोकार-उजुरी (complaint) फारमको नमुना वेबसाइटमा पाइन्छ। तपाईंसँग धेरै प्रश्नहरू छन् भने तपाईंले वेबसाइटमा जवाफहरू पाउन सक्नुहुन्छ अथवा तपाईंले इमेल वा फोन (पछाडि भएको सम्पर्क विवरणमा हेर्नुहोस्) द्वारा जवाफदेही संयन्त्रका सचिवलाई सीधै सम्पर्क गर्न सक्नुहुन्छ। सचिवालयका कर्मचारीले तपाईंलाई सरोकार-उजुरीलाई स्विकार योग्य हुनका निम्ति आधारभूत आवश्यकताहरू बुझ्न सहायता पनि गर्न सक्छन्।

के हो

## AM प्रक्रियाको नतिजाको रूपमा तपाईंले के आशा गर्न सक्नुहुन्छ?

### सरोकार-उजुरी बुझाउँदा यी कुरा हुन सक्छः

- समितिले अनुसन्धानको सिफारिस गर्दछ र दुवै निवेदकहरू र ऋणी देश प्रक्रियामा सहभागी हुन सहमत हुन्छन् भने DRS द्वारा प्रस्ताव गरिएको स्वेच्छिक विवाद समाधान प्रक्रियातिर बढ्ने।

के हो

- निवेदकहरू र ऋणीहरू दुवैलाई स्वीकार हुने विवाद समाधान सम्झौतामा लैजाने।
- समितिद्वारा विश्व बैंकका नियमहरू र कार्यसंयन्त्रहरूको उल्लङ्घनहरू आरोपित हानिसँग सम्बन्धित थिए वा थिएनन् निर्धारण गर्ने ।
- हानि वा सम्भावित हानिमा ध्यानाकर्षण गर्दै भविष्यमा बैंकका परियोजनाहरूबाट यस्ता हानि रोक्न सहायता गर्न सक्ने सिकाइहरू तयार हुने।
- हानि सच्याउनको लागि विश्व बैंक व्यवस्थापनद्वारा सुधारका कार्यहरू गर्ने।
- समाधानका कार्यहरू सफलतापूर्वक कार्यान्वयन गरिएका छन् भन्ने निश्चितता समितिले गर्ने । (यो प्रक्रिया अन्य स्वतन्त्र जवाफदेही संयन्त्रहरूद्वारा गरिने "अनुगमन" सरह हुन्छ।)

### बुझाइएको सरोकार-उजुरीले के गर्दैन ?

- स्वतः विवाद समाधान प्रक्रियामा लैजादैंन किनकी निरिक्षण समितिले गरेको परियोजनाको अनुसन्धान सम्बन्धी सिफारिसलाई समितिले (बैंक समिति) पहिले स्वीकृत गरेको हुनुपर्दछ।
- विवाद समाधान सम्झौताको ग्यारेन्टी दिंदैन किनकि त्यसमा दुवै पक्षहरूको सहमति आवश्यक हुन्छ।
- परियोजनालाई स्वतः निलम्बित वा रद्द गराउँदैन (यसबारे बैंकले निर्णय गर्दछ)।
- विश्व बैंकले सहायता गरेको परियोजनाद्वारा भएको हानि समाप्त गरिनेछ वा रोकिनेछ भन्ने निश्चितता दिंदैन किनकि निरिक्षण समिति कानुन पालना गराउने अधिकारप्राप्त अदालत होइन। तापनि, निरिक्षण समितिले बैंकको कार्यकारी समितिमा सीधै प्रतिवेदन दिन्छ र बैंक व्यवस्थापनको जिम्मेवारी समितिले पत्ता लगाएका कुरालाई सम्बोधन गर्नुका साथै प्रतिक्रिया दिनु हुनेछ।
- व्यक्तिगत रूपमा बैंकका कर्मचारी सदस्यहरूलाई दोषी वा निर्दोषी निर्धारण गर्ने निर्धारकहरूलाई प्रस्तुत गर्दैन किनकि समितिले समग्रतामा बैंक व्यवस्थापनले अनुपालन गरेका विषयहरूको निरिक्षण गर्दछ।
- ऋण लिने सरकारको अनुसन्धान गर्दैन किनकि समितिले ऋण लिनेको नभइ बैंकको अनुसन्धान गर्छ।

किन

## विश्व बैंक जवाफदेही संयन्त्र किन ?

विश्व बैंकको उद्देश्य देशहरूलाई गरिबी उन्मूलन गर्न र साझा समृद्धी सिर्जना गर्न सहायता गर्नु हो। विकासका परियोजना र कार्यक्रमहरूको आशय सकारात्मक परिवर्तन ल्याउने हो तर तिनको कार्यान्वयनमा जोखिमता संलग्न हुन्छ। प्रत्येक व्यक्तिको असल आशय भएपनि मानिस वा वातावरणमा हानि पुग्न सक्छ। यस्ता परिणामहरू आउन नदिने विश्व बैंकका नीतिहरू छन् तर पनि केही समस्याहरू पहिचान नगरिएका वा सम्बोधन नगरिएका हुन सक्छन्। यस्तो अवस्थामा, नागरिकहरू आफैंले सरोकारको विषयमा बोल्नु सरोकारहरूमा ध्यानाकर्षण गर्ने एउटा तरिका हुनसक्दछ । विश्व बैंक जिम्मेवारी संयन्त्रले निरिक्षण समिति र विवाद समाधान सेवाहरूद्वारा प्रभावित भएका व्यक्तिहरूका सरोकारहरू सुनाउन र ती सरोकारहरूको सम्बोधन गराउन सहयोग गर्दछ।



# विश्व बैंक जवाफदेहिता संयन्त्र प्रक्रिया

| | | |
|---|---|---|
| १ | **आग्रहको प्राप्ति तथा दर्ताको निर्णय** | • निरिक्षण समितिले सर्वसाधारणलाई अनुसन्धानको लागि आग्रह प्राप्त भएको जानकारी गराउँछ। यसको लागि सुचना प्राप्त भएको जानकारी (नोटिस अफ रिसिप्ट) पठाइन्छ।<br>• आग्रह प्राप्त भएको १५ कार्य दिनभित्र सो दर्ता हुने वा दर्ता नहुने विषय हो भन्ने निर्णय गर्दछ। (दर्ता नभएको सूचनाले केसलाई बन्द गर्छ।) |
| २ | **योग्यता र समितिको सिफारिस** | • दर्ता भएको २१ कार्य दिनभित्र बैंक व्यवस्थापनले प्रतिक्रिया दिन्छ।<br>• आवश्यक भएमा समितिले सम्बन्धीत ठाउँमा जानेछ (फिल्ड भिजिट गर्नेछ)।<br>• व्यवस्थापनबाट प्रतिक्रिया प्राप्त गरेपछि २१ कार्य दिनभित्र समितिले अनुसन्धान गर्ने वा नगर्ने भनेर कार्यकारी निर्देशकहरूको समितिलाई सिफारिस गर्दछ।<br>• समितिले प्यानलको सिफारिसमाथि निर्णय गर्छ (प्रायः १० कार्य दिनभित्र)। *(अनुसन्धान नगर्ने सिफारिस स्वीकृत भयो भने केस बन्द हुन्छ।)* |
| ३ | **विवाद समाधान (DR) मा सिफारिस** | • अनुसन्धान गर्न स्वीकृत हुन्छ भने विश्व बैंक जवाफदेही संयन्त्रका सचिवले निवेदकहरू र ऋणीलाई विवाद समाधान सेवाद्वारा सहजीकरण गरिने विवाद समाधानको विकल्प उपलब्ध गराउँछ।<br>• DR मा दुवै पक्षहरू सहमत हुन्छन् भने समितिले मुलतबीमा भएको त्यसको अनुसन्धान रोक्छ।<br>• DR प्रक्रियाको अधिकतम समयावधि एक वर्षको हुन्छ (अतिरिक्त ६ महिना)।<br>• DR बाट पक्षहरू सहमतिमा पुग्छन् भने समितिले अनुसन्धान गर्दैन। |
| ४ | **अनुसन्धान** | • दुवै पक्षहरूले DR छनोट गर्दैनन् वा DR असफल भयो भने समितिले त्यसको अनुसन्धान सुरु गर्छ।<br>• समितिले अनुसन्धान सम्बन्धी भेटघाट गर्छ।<br>• समितिले कार्यकारी निर्देशकहरूको समितिलाई त्यसको अनुसन्धान प्रतिवेदन बुझाउँछ *(अनुसन्धानको योजना राखेको ६ महिनाभित्र उक्त कार्य पूरा गर्ने लक्ष्य राख्छ)।* |
| ५ | **अनुसन्धानपछि** | • गोपनीयतालाई आधार मान्दै समितिको अनुसन्धान प्रतिवेदन निवेदकलाई दिइन्छ।।<br>• बैंक व्यवस्थापनले प्रभावित पक्षहरूसँग परामर्श गर्छ र व्यवस्थापन कार्ययोजना (MAP) तयार गर्छ।<br>• बैंक व्यवस्थापनले समितिलाई त्यसको प्रतिवेदन, MAP सहित सिफारिस बुझाउँछ *(अनुसन्धान प्रतिवेदन प्राप्त गरेको ६ हप्ताभित्र)।*<br>• अनुसन्धान प्रतिवेदनमा विचार गर्न र छलफल गर्न र MAP स्वीकृत गर्न समितिको बैठक बस्छ। |
| ६ | **नक्सा कार्यान्वयनको प्रमाणीकरण** | • जोखिमतामा आधारित समानुपातिक क्षेत्र तथा नमुनाहरूको आधारमा सामुहिक आन्तरिक लेखापरीक्षण (GIA) सहित MAP कार्यान्वयनको प्रमाणीकरण स्वीकृत गर्न समितिलाई सिफारिस गर्न सकिन्छ।<br>• स्वीकृति सहित समितिले व्यवस्थापन कार्यको कार्यान्वयन प्रमाणित गर्छ, जसले समितिले पत्ता लगाएको कुरालाई सम्बोधन गर्दछ, GIA ले बैंकको संचालकलाई सम्बोधन गर्दै व्यवस्थापन कार्यहरू प्रमाणित गर्दछ।<br>• निरिक्षण समितिले बोर्डलाई प्रमाणीकरणको प्रतिवेदन बुझाउँछ।<br>• समितिले पत्ता लगाएका कुराहरूमा व्यवस्थापनले आफ्नो विचारलाई औंल्याउँदै बोर्डलाई आफ्नो अनुगमनको प्रतिवेदन बुझाउँछ। |


विश्व बैंक जवाफदेही संयन्त्र (The World Bank Accountability Mechanism)
1818 H Street NW, Mail Stop: MC10-1007
Washington, DC 20433 U.S.A

फोन: 202 458 5200 फ्याक्सः 1 202 522 0916
इमेलः accountability@worldbank.org
वेबसाइटः accountability.worldbank.org

हामीलाई फेसबुकमा खोज्नुहोस्


AM जवाफदेही संयन्त्र | विश्व बैंक IBRD • IDA | विश्व बैंक समूह